आज मिति २०८२ साल अषाढ १३ गतेका दिन यस मालिका गाउँपालिकाका अध्यक्ष श्री देविराम अर्याल ज्यूको सभा अध्यक्षतामा तपशिल वमोजिमको उपस्थितिमा गाउँसभाको १८ औं अधिवेशनको चौथो वैठक बसी आगामी आ.व.२०८२/०८३ को लागि बजेट तथा कार्यक्रम पारित गरी सभा सम्पन्न गरियो।

क्र.स.	जनप्रतिनिधिको नाम थर	जनप्रतिनिधिको पद	हस्ताक्षर
१	श्री देविराम अर्याल	अध्यक्ष	
२	श्री उपेन्द्र अर्याल	उपाध्यक्ष	
३	श्री ओम बहादुर भण्डारी मगर	प्र.प्र.अ.(सदस्य सचिव)	
४	दीपक श्रीस	वडा अध्यक्ष	
५	विनोद श्रीस	वडा अध्यक्ष	
६	ज्ञान कुमार बुढा	वडा अध्यक्ष	
७	नारायण प्रसाद अर्याल	वडा अध्यक्ष	
८	रेखा कुमार जि.सी.	वडा अध्यक्ष	
९	दिपक भण्डारी	वडा अध्यक्ष	
१०	हिरा बहादुर कार्की	वडा अध्यक्ष	
११	सुर्य वहादुर घर्ती क्षेत्री	वडा अध्यक्ष	
१२	अन्जु सुनार	का.सदस्य	
१३	तुलविर कामी	का.सदस्य	
१४	दिपा महतारा	का.सदस्य	
१५	सकुन्तला पन्थी	का.सदस्य	
१६	कमल सुनार	का.सदस्य	
१७	लक्ष्मी खत्री	का.सदस्य	
१८	अन्जली पुन	सदस्य	
१८	मान बहादुर बि.क.	सदस्य	
१९	टिकाराम श्रीस	सदस्य	
२०	लिला श्रीस	सदस्य	

अध्यक्ष

२१	मन् कुमारी कामी	सदस्य	मन कुमारी
२२	चन्द्र बहादुर थापा	सदस्य	
२३	चुरामणी घर्ती	सदस्य	
२४	खिमा घिमिरे	सदस्य	
२५	तानी वि.क .	सदस्य	
२६	तारा बि.क.	सदस्य	
२७	बेद बहादुर बुढा	सदस्य	
२८	सुर्य बहादुर थापा	सदस्य	
२९	गिता बुढाथोकी	सदस्य	
३०	पृता नेपाली सार्की कौशल	सदस्य	
३१	ठगेश्वर भट्टराई	सदस्य	
३२	डोर बहादुर मगर	सदस्य	
३३	समिपा सुनार	सदस्य	
३४	पुर्ण बहादुर कामी	सदस्य	
३५	बिर बहादुर कार्की	सदस्य	
३६	सिता बिष्ट	सदस्य	
३७	देवकला बि.क	सदस्य	देवकला
३८	घनश्याम पराजुली	सदस्य	घनश्याम
३९	कृष्ण चन्द्र अर्याल	सदस्य	
४०	सुर्य बहादुर बुढा मगर	सदस्य	
४१	चम्फा बहादुर कार्की	सदस्य	
४२	गोमा सुनार	सदस्य	
४३	लेखनाथ अर्याल	सदस्य	
४४	सागर गिरि	सदस्य	
४५	नमिला कार्कि	का० स०	
४६	मीन ब० थापा	वडा सचिव	

अध्यक्ष

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

४७	अकृयाल पोखेल	कृ प्रा.	[signature]
४८	जयलाल पोखरेल	ले.पा.नि.है	[signature]
४९	सीताराम मिश्र	प्र. प्र. ह.	[signature]
५०	विष्णु रोकाहा	प्र. प्र. अ.	[signature]
५१	कमल पाँडेल	" "	Kamal
५२	प्रेम ब. के.सी.	" "	[signature]
५३	रिमकला रेजाल		Rmy
५४	सुमित्रा भाट	वडा सचिव	[signature]
५५	शरन अर्याल	इ०व्यवस्था	[signature]
५६	चन्द्र कान्त अर्याल	को.स	[signature]
५७	कमल ब. घर्ती मगर	वडा प्राविधिक	[signature]
५८	बसन्त भुसाल	ना.प.वि.अ.	[signature]
५९	प्यारी फडेरा	ना.प्रा.स	[signature]
६०	नरेश के.सी.	जिल्ला सहायक	[signature]
६१	बिर बे. घर्ती	पाले	बिर
६२	सुरेश अर्याल	MIS अपरेटर	[signature]
६३	तिलक पोखेल	सब-इन्जिनियर	तिलक
६४	सुदन पोखेल	"	[signature]
६५	बेगम घर्ती	अ.से.इ	Beg
६६	योगेन्द्र राज भट्ट		[signature]
६७	गोपाल कार्की	पशु ना.प्रा.स.	[signature]
६८	तिलक आचार्य	स्वा. इ.	[signature]
६९	दिव्या पौडेल	ल्या. हेल्प	[signature]
७०	तारा जि.सी. अर्याल	जि.अ. नर्सिङ अधि.	[signature]
७१	गोविन्द राज अर्याल	प्रि. अहेव अधिकृत	[signature]
७२	बसन्त भट्टराई	राजमार्ग ~~संयोजक~~ संयोजक	[signature]

[signature]

७३	गोपाल सेन ओली	योजना शाखा	[signature]
७४	विष्णु अर्याल	इन्जिनियर	[signature]
७५	महेन्द्र प्र भण्डारी	स. ई.	[signature]
७६	दिपक अर्याल	[illegible]	[signature]
७७	Tulsi Thapa	ना. प्रा. स.	[signature]
७८	रन्जु कुमारी अधिकारी	अ. स. ई.	[signature]
७९	पवित्रा सत्याल	प्र. अध्यापक पाल्पी	[signature]
८०	राम कुमार क्षेत्री	[illegible]	[signature]
८१	शिव ब० खड्का क्षेत्री	[illegible]	[signature]
८२	नारायण घिमिरे	[illegible]	[signature]
८३	भुपेन्द्र घिमिरे	अ. नं.-५?	[signature]
८४	जगत ब. पौडेल	कृ. प्र. अ.	[signature]
८५	राम प्रसाद अर्याल	का. स	राम प्रसाद [signature]
८६	सुरज जि.सी	मा. स	[signature]
८७	क्षेम ब घर्ति मगर	शिक्षा शाखा प्रमुख	[signature]
८८	भोज ब थापा	का. स	[signature]
८९	धन ब बुढा मगर	का. स.	धनबहादुर
९०	गणेश पुन	ह. स. चा	गणेश
९१	मान बहादुर [illegible]	प. स्वे. प्रा	[signature]
९२	गणेश सुवेदी	वडा सचिव ५	[signature]
९३	दुर्गा श्रीस	वडा सचिव ७	[signature]
९४	[illegible]	[illegible]	[signature]
९५	मिरा पौडेल	सहायक पाँचौं	[signature]
९६	[signature]		
९७	अध्यक्ष		
९८			

प्रस्ताव नं. १:- आगमी आर्थिक वर्ष २०८२।०८३ को राजश्व र व्ययको अनुमान स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं. २:- आगमी आर्थिक वर्ष २०८२।०८३ को विनियोजन विधेयक स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ३:- आगमी आर्थिक वर्ष २०८२।८३ को आर्थिक विधेयक स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ४:- आगमी आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं.५:- आ व २०८०।०८१ को महालेखा परिक्षकको कार्यालयबाट भएको लेखापरिक्षणको अन्तिम प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।

प्रस्ताव नं.६:- आ व २०७९।०८० को महालेखा परिक्षकको कार्यालयबाट भएको लेखापरिक्षणको अन्तिम प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।

प्रस्ताव नं.७:- गाउँ कार्यपालिकाका निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

प्रस्ताव नं.८:-खर्च अनुमोदन गर्ने सम्बन्धमा।

निर्णयहरु

निर्णय नं. १: प्रस्ताव नं १ माथि छलफल गर्दा चालू अधिवेशनको तेस्रो बैठकमा मिति २०८२।०३।१० गते लुम्बिनी प्रदेशको गाउँ सभा कार्यसञ्चालन कार्यविधि ऐन, २०७६ को परिच्छेद ११ को दफा ६२ को उपदफा १ बमोजिम उपाध्यक्ष श्री उपेन्द्र अर्याल ज्यू द्वारा पेस गरिएको आगमी आर्थिक वर्ष २०८२।०८३ को लागि रु. ६१,८०,८७,८७०।– (एकसठ्ठी करोड असी लाख सतासी हजार आठ सय सत्तरी) रुपैयाँ बराबरको अनुमानित राजश्व र व्ययको विवरण सर्वसमत स्वीकृत गरियो।

निर्णय नं२ .प्रस्ताव नं २ माथि छलफल गर्दा चालू अधिवेशनको तेस्रो बैठकमा मिति २०८२।०३।१० गते लुम्बिनी प्रदेश गाउँसभा, नगरसभा कार्य संचालन कार्यविधी ऐन, २०७६ को परिच्छेद १२ को उपदफा ६५ बमोजिम उपाध्यक्ष श्री उपेन्द्र अर्याल ज्यूले पेस गर्नुभएको

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अमाराइ, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

मालिका गाउपालिकाको आर्थिक वर्ष २०८२।२०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिने र सो रकम विनियोजन गर्ने कार्यको लागि आर्थिक वर्ष २०८०।०८१ को लागि रु. ६१,८०,८७,८७०।– (एकसठ्ठी करोड असी लाख सतासी हजार आठ सय सत्तरी) रुपैया वरावरको विनियोजन विधेयक२०८२लाई- लुम्बिनी प्रदेश गाउँसभा, नगरसभा कार्य संचालन कार्यविधी ऐन, २०७६ को परिच्छेद ५ को दफा २६ बमोजिम सर्वसमत स्वीकृत गरियो।

निर्णय नं. ३ प्रस्ताव नं ३ माथि छलफल गर्दा चालू अधिवेशनको तेस्रो बैठकमा मिति २०८२।०३।१० गते लुम्बिनी प्रदेश गाउँसभा, नगरसभा कार्य संचालन कार्यविधी ऐन, २०७६ को परिच्छेद १२ को उपदफा ६६ बमोजिम उपाध्यक्ष श्री उपेन्द्र अर्याल ज्यूले पेस गर्नुभएको मालिका गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने ,छुट दिने , जरिवाना लगाउने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्नको लागि बनेकोआर्थिक विधेयक२०८२-लाई लुम्बिनी प्रदेश गाउँसभा, नगरसभा कार्य संचालन कार्यविधी ऐन, २०७६ को परिच्छेद ५ को दफा २६ बमोजिम सर्वसमत स्वीकृत गरियो।

निर्णय नं. ४: प्रस्ताव नं ४ माथि छलफल गर्दा लुम्बिनी प्रदेश गाउँसभा, नगरसभा कार्य संचालन कार्यविधी ऐन, २०७६ को परिच्छेद १२ को उपदफा ६५ बमोजिम गाउँपालिका उपाध्यक्ष श्री उपेन्द्र अर्याल ज्यूले पेस गर्नु भएको आगमी आ.व. २०८२।०८३ को विनियोजन विधेयक,२०८२ मा उल्लेख भए बमोजिम बजेटको सीमामा रहि उपाध्यक्ष श्री उपेन्द्र अर्याल द्वारापेस गरिएको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक विकास कार्यक्रमहरु सर्वसमत स्वीकृत गरियो।

निर्णय नं. ५:- प्रस्ताव नं ५ माथि छलफल गर्दा महालेखा परिक्षकको कार्यालय प्रादेशिक लेखापरिक्षण महानिर्देशनालयको चलानी नं. FAR/2080-81/loc/653 मिति २०८२।०२।०९ को पत्र बमोजिम आ व २०८०।०८१ को महालेखा परिक्षकको कार्यालयबाट भएको लेखापरिक्षणको

अध्यक्ष

अन्तिम प्रतिवेदन तथा लेखा समितिको मिति २०८२।०३।०९ को निर्णय उपर व्यापक छलफल गरि तपसिल बमोजिमका बुदाँहरु उपर औंलाएको बेरुजु सम्बन्धमा निम्मानुसार गर्ने निर्णय गरियो।

निम्न:

क) दफा नं. २५ मा स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्याबोझको विश्लेषण गरि व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करार बाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाले ईन्जिनियर सव ईन्जिनियर अ. सव ईन्जिनियर, हलुका सवारी चालक, नगर प्रहरी , ल्याव असिस्टेन्ट, सि.अ.हे. व. कार्यालय सहयोगि लगायत पदमा ३७ जना कर्मचारि करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु. १,००,३०,९४९।- खर्च लेखेको छ । त्यसैगरी स्थानिय सरकार सञ्चालन ऐनको दफा ८३(८) बमोजिम पालिकाले सवारी चालक, सयस , कार्यालय सहयोगि, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे, लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था रहेको छ । पालिकाले माथि उल्लेखित पद बाहेक पालिकाले यस वर्ष परामश्र मार्फत संगठन तथा व्ववस्थापन सर्वेक्षण गरी अमिन १, सहायक कम्प्युटर अपरेटर-३, ईलेक्ट्रिसियन १, नगर प्रहरी ६, ल्याव असिस्टेन्ट १, कार्यालय सहायक-३, समेत १५ दरबन्दी थप गरेकोमा संघिय मामिला तथा सामान्यप्रशासन मन्त्रालयबाट सहमति लिई पद दर्ता तथा विज्ञापन गरी पद पुर्ति नगरी साविक जि वि स बाट आएका ३ जना कार्यालय सहायक र सहायक कम्प्युटर अपरेटर ३ जना समेत ६ जना करारमा नियुक्ति गरि तलब भत्ता ब्यहोर्ने श्रोतको सुनिश्चितता नगरी दरबन्दी भन्दा बाहिर करारमा नियुक्ति गरि यस बर्ष तलब भत्ता वापत रु. १८ लाख ८३ हजार ७ सय भुक्तानी गरेको छ । यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको खर्च नियमित नदेखिएको भनि बेरुजु उल्लेख भएको रु १८,८३,७०० मालिका गाउँपालिका ले दरबन्दी भन्दा वेगरका करार कर्मचारि लाई करार म्याद नथपि हटाई सकेको र आगामि दिनहरुमा समेत यस किसिमको नियुक्ती तथा खर्च नगर्ने प्रतिबद्धता सहित उक्त दफाँलाई नियमित गरी फछ्यौट गर्नको लागि महालेखा परिक्षकको कार्यालयमा पेस गर्ने निर्णय गरियो।

ख) दफा नं. ४०.२ माथी छलफल गर्दा कृषि शाखाबाट सम्पादन गर्नु पर्ने कार्यः पालिकाले हेफर संग कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालनको लागि

अध्यक्ष

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

२०८०।१२।१८ मा दुई वर्षका लागि संझौता गरेको मध्य पालिका स्तरको स्थलगत अनुगमन मा रु. १३७६०० परियोजना अनुगमन समिति बैठकमा रु. ४४७०० वडा स्तरमा परियोजना व्यवस्थापन समितिको बैठकमा रु. १३३१५ र पालिका स्तरमा परियोजना अनुगमन तथा समन्वय समिति गठनमा रु.७६०० समेत रु. २३९५४५ हेफरलाई किस्तामा उपलब्ध गराएको छ । पालिकामा रहेका स्थायि दरबन्दी भित्रको कृषि शाखा बाट सम्पादन गर्नु पर्ने नियमितमित काममा गैर सरकारी संस्थालाई भुक्तानी गर्ने गरी गरेर व्यवभार बढाएको भनि नियमित गर्नु पर्ने वेरुजु कायम गरेकोमा आगामि दिन हरुमा यस किसिमको व्यय गैर सरकारी संस्थाबाट नगर्ने प्रतिबद्धता सहित उक्त दफाँलाई नियमित गरी फछ्र्यौट गर्नको लागि महालेखा परिक्षकको कार्यालयमा पेस गर्ने निर्णय गरियो।

ग) दफा ४५.४ छलफल गर्दा सार्वजनिक खर्च लाई मितव्ययी तथा प्रभावकारी वनाउने सम्बन्धि मापदण्ड २०७८ मा बजेट विनियोजन भएको अवस्थामा विद्युत महशुल समयमा नै तिरि नियमानुसारको छुट लिनु पर्ने व्यवस्था छ पालिकाले विभिन्न कार्यालयको विद्युत महशुल भुक्तानी गर्दा २५ % जरिवाना सहित भुक्तानी गरेको देखियो । विलम्ब गरी जरिवाना वापतको रकम भुक्तानी गरेको नियम सम्मत नदेखिएको भनि नियमित गर्नु पर्ने रु. १०३६६ बेरुजु कायम गरेकोमा आगामि दिनमा यस किसिमको विलम्ब गरी भुक्तानी नगरिने प्रतिबद्धता सहित उक्त दफाँलाई नियमित गरी फछ्र्यौट गर्नको लागि महालेखा परिक्षकको कार्यालयमा पेस गर्ने निर्णय गरियो।

घ) दफा ४७ माथि छलफल गर्दा, दफा ४७ मा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपदफा १५ मा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी रकम, चालु आर्थिक बर्षको सम्बन्धित बजेट रकम बाट भुक्तानी दिन नपुग्ने देखिएमा स्विकृत दरबन्दीको तलब भत्ता, सरूवा भ्रमण खर्च, घरभाडा , पोषाक खाद्यान्न, औषधोपचार सेवा निबृत सुविधा र स्विकृत बार्षिक कार्यक्रममा समावेश भएको संझौता बमोजिमको रकम मात्र भुक्तानी दिन बाँकीको बिवरण प्रमाणित गरी सूचना प्रणालीमा प्रविष्ट गराई भुक्तानी दिन सकिने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष भुक्तानी दिन रकम अभाव भएको उपरोक्त नियममा व्यवस्था भएको खर्च शिर्षक बाहेकको पहिलो पटक सुत्केरी भैसिलाई भत्ता वितरण कार्यक्रम रु. १००००० एक

अध्यक्ष

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्सलाघाट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

वडा एक मासु पसल रु. ७५००० अतिथि सत्कार तथा विविध खर्च रु. ४१५००० भगेनि सम्बन्ध सम्बन्धी विविध खर्च रु. १२९००० संझौता नभएको मसलन्द तथा कार्यालय सामाग्री रु. २६३००० समेत कुल रु. ९२८००० आर्थिक वर्ष २०७९।०८० मा भुक्तानी दिन बाँकीको विवरण राखि यस बर्ष भुक्तानी गरेको छ । पालिकाले संघिय तथा प्रदेश सरकारबाट तोकिएको सिलिङ्ग अनुसारको बजेट प्राप्त नभएकोले भुक्तानी दिन बाँकी रहेको जनाएको छ । नियममा व्यवस्था नभएको चालु प्रकृतिको सालबसालि भुक्तानी दिन बाँकी राखि अर्को बर्ष भुक्तानी गर्ने कार्य नियम सम्मत नदेखिएको भनि बेरुजु कायम रहेकोमा आगामा दिममा यस किसिमको भुक्तानि बाँकीको विवरण तयार गरी भुक्तानी नगर्ने प्रतिबद्धता सहित उक्त दफाँलाई नियमित गरी फछ्यौंट गर्नको लागि महालेखा परिक्षकको कार्यालयमा पेस गर्ने निर्णय गरियो।

निर्णय नं. ६:- प्रस्ताव नं ६ माथि छलफल गर्दा महालेखा परिक्षकको कार्यालय प्रादेशिक लेखापरिक्षण महानिर्देशनालयको चलानी नं. ४९ मिति २०८१।०२।११ को पत्र बमोजिम आ व २०७९।०८० को महालेखा परिक्षकको कार्यालयबाट भएको लेखापरिक्षणको अन्तिम प्रतिवेदन तथा लेखा समितिको मिति २०८२।०३।११ गतेको निर्णय उपर व्यापक छलफल गरि तपसिल बमोजिमका बुदाँहरु उपर औलाएको बेरुजु सम्बन्धमा निम्मानुसार गर्ने निर्णय गरियो।

निम्न:

क) दफा नं. ७.२ माथि छलफल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरवन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरवन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३६ जना कर्मचारीहरु करारमा राखि रु.७८४७४९२।-खर्च लेखेको छ ।त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा १२ जना करार नियुक्ति गरी तलव, चाडपर्व खर्च र पोशाक खर्च वापत बर्षभरीमा

अध्यक्ष

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्घाखाँची गुल्मी
लुम्बिनी प्रदेश नेपाल

रु.३६८६७२०।-भुक्तानी गरेको अनियमित दिखएको भनि बेरुजु लेखिएकोमा, यस गाउँपालिका ले दरबन्दी भन्दा वेगरका करार कर्मचारी लाई करार म्याद नथपि मिति २०८२।०१।२३ गतेको गाँउ कार्यपालिकाको निर्णय बमोजिम मिति २०८२।०२।०१ देखि लागु हुने गरि हटाई सकेको हुनाले आगामी दिनहरुमा समेत यस किसिमको नियुक्ती तथा खर्च नगर्ने प्रतिबद्धता सहित उक्त दफाँलाई नियमित गरी फछ्यौंट गर्नको लागि महालेखा परिक्षकको कार्यालयमा पेस गर्ने निर्णय गरियो।

ख) दफा ४०.२ माथी छलफल गर्दा आलु पकेट विकास कार्यक्रम संचालनको निर्देशिका अनुसार उल्लेखित ७ हेक्टर जमिनको मापदण्ड पुगेको कृषक समुहलाई मात्रै छनौट गर्नुपर्नेमा पालिकाले नयाँ आलुवाली पकेट विकास कार्यक्रम संचालन उपभोक्ता समिति२५ जना कृषकले पेश गरेको निर्देशिकाले तोकेको मापदण्डको भन्दा न्युन क्षेत्रफल देखिएको तथा खेतिको लागि कित्ता नम्वर समेत नखुलेको जग्गाधनी प्रमाणपूर्जा पेश गरेको आधारमा छनौट गरेको पाईयो । यसरी मापदण्ड पुरा नगरेको अवस्थामा समेत पालिकाले निज समुहसँग सम्झौता गरी रु२३६२०००।-को कार्य भएको जनाई पालिकाले गो भौ न १६७।०८०।०३।२१ बाट रु १२०००००।- भुक्तानी गरेको अवस्थामा समेत अनुदान दिएको रकम नियमसम्मत नदेखिएको, रु. १२००००० नियमित गर्नु पर्ने वेरुजु कायम गरेकोमा आगामी दिनहरुमा यस किसिमको व्ययहुने गरि आगामी कार्यक्रम कार्यान्वयन नगर्ने प्रतिबद्धता सहित उक्त दफाँलाई नियमित गरी फछ्यौंट गर्नको लागि महालेखा परिक्षकको कार्यालयमा पेस गर्ने निर्णय गरियो।

ग) दफा ३९ माथि छलफल गर्दा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने उल्लेख छ । पालिकाले उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाकोकार्यसम्पादन पश्चातको भुक्तानी गर्दा उपभोक्ता समितिहरूले खरीद गरेको सामाग्रीहरुको परीमाण वरावरको खपत भएको छ कि छैन सोको समेत मूल्याङ्कन गर्नुपर्नेमा प्राविधिक विलको आधारमा मात्रै भुक्तानी दिएको पाईयो । पालिकाले सिमलटारी अर्खवाङ्ग सडकमा सम्झौता अनुसारको कार्य सम्पन्न भएको जनाई रु.१८३४११७।४० को विल पेश गरेकोमा

अध्यक्ष

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्खवाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

गो.भौ.२५४।०८०।३।८ बाट रु.१७०००००।– भुक्तानी दिएको छ । पालिकाले सडकको नर्मस अनुसार सो कार्यको लागि रु.३०४६४३।– मात्र ज्यामी ज्यालामा खर्च लेख्न पाउनेमा रु६५११२५।.– को डोर हाँजिरी पेश गरेको आधारमा भुक्तानी दिएको छ । यसरी नर्म्स भन्दा रु३४६४८२।.– बढी विलको आधारमा भुक्तानी दिएको पाईएकोले सोको पालिका योगदान वापतको रकम रु३११८३४।.– नियमसम्मत नदेखिएको भनि बेरुजु उल्लेख गरिएकोमा आगामि दिनमा यस किसिमको नापजाँच गरी भुक्तानी नगरिने प्रतिबद्धता सहित उक्त दफाँलाई नियमित गरी फछ्र्यौट गर्नको लागि महालेखा परिक्षकको कार्यालयमा पेस गर्ने निर्णय गरियो।

घ) दफा ४१ माथि छलफल गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० मा ऐन बमोजिम राख्नुपर्ने लेखा ठीकसंग नराखेको कारणबाट कुनै हानी नोक्सानी भएमा त्यसरी हानी नोक्सानी भएको रकम जिम्मेवार व्यक्तिबाट असुल गर्ने व्यवस्था छ । धारा, पानी, टेलीफोन, विजुली जस्ता कार्यालय सञ्चालन खर्चहरु तोकिएको अवधिमा छुट समेत प्राप्त गर्न सक्ने अवधिमा भुक्तानी गर्नुपर्ने हुन्छ । लेखापरीक्षको क्रममा परीक्षण गर्दा गो.भौ.नं. ४३१ मिति २०८०।०२।२३ मा विद्युत महशुल वापत रु. २९,०४५।- भुक्तानी गर्दा जरिवाना रकम रु. ८,८८५।- जरिवाना समेत भुक्तानी गरी कार्यालयको दायित्व थप गरेको देखियो । समयमा महशुल बुझाउन नसक्दा जरिवाना सहित भुक्तानी गरेकोले अनियमित भएको रु.८,८८५।– समयमै महशुल बुझाउने प्रतिबद्धता सहित उक्त दफाँलाई नियमित गरी फछ्र्यौट गर्नको लागि महालेखा परिक्षकको कार्यालयमा पेस गर्ने निर्णय गरियो।

ङ) दफा नं. ४२ माथि छलफल गर्दा आर्थिक कार्यविधी तथा वित्तीय उत्तदायि ऐन २०७६ को दफा १८ मा स्वीकृत बजेट बमोजिम खर्च गर्ने व्यवस्था गरेको छ। साथै एकीकृत आर्थिक संकेत तथाच वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) अनुसार कार्यालयले सम्बन्धित खर्च शीर्षकमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले निम्नानुसारको खर्च गरेकोमा जुन शिर्षकवाट खर्च लेख्नुपर्ने हो सो नगरी फरक शिर्षकवाट खर्च लेखि भुक्तानी गरेको देखिन्छ । कार्यालयले कार्यपालिकाको निर्णयबाट एकमुष्ट रकमान्तर गरेको जनाएता पनि शीर्षकगत रकमान्तर गरेको देखिएन । यसरी नियम विपरीत खर्च लेखी भुक्तानी गरेकोले अनियमित भएको रु.

अध्यक्ष

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्गाखाँची गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

गो.भौ.नं./मिति	खर्चको विवरण	हुनुपर्ने खर्च शिर्षक	भएको खर्च शिर्षक	भुक्तानी रकम
४३९।२०८०।०२।२३	Digital Concrete Test Machine खरिद	मेशिनरी तथा औजार (३११२२)	मसलन्द तथा कार्यालय सामाग्री (२२३११)	१५८२००
४८३।२०८०।०३।११	डेक्सटप, प्रिन्टर खरिद	मेशिनरी तथा औजार (३११२२)	अन्य कार्यालय संचालन खर्च (२२३१९)	८५३१५
जम्मा				२४३५१५

क) यसरी कार्यालयले सामाग्री खरिद गरि जिन्सी किताब/खातामा खप्ने प्रकृतिको जिन्सी सामाग्री दाखिला गरिएको हुनाले अनियमित भएको रु २,४३,५१५।- बेरुजु रकमलाई नियमित गरी फछ्यौंट गर्नको लागि महालेखा परिक्षकको कार्यालयमा पेस गर्ने निर्णय गरियो।

च) दफा नं ४४ माथी छलफल गर्दा, लुम्बिनी प्रदेश,स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ मा नेपालको संविधान बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गरेको छ । ऐनमा अनुगमन भत्ता सम्बन्धमा कुनै व्यवस्था नरहेको, दफा ९ मा कार्यालयको कामको सिलसिलामा आफ्नो कार्यक्षेत्र र जिल्लामा भ्रमण गर्दा दैनिक तथा भ्रमण भत्ता समेत नपाउने र दफा १४ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेकोमा पालिकाले मालिका गाउँपालिका सार्वजनिक खरिद नियमावलीको नियम १४९(८) मा विभिन्न योजना तथा कार्यक्रमको अनुगमन वापत प्रति अनुगमन रु.१०००।– उपलब्ध गराउने व्यवस्था गरी निम्नानुसारको भौचर नं. र मितिमा अनुगमन भत्ता खर्च वापत रु.५,८४,७००।–भुक्तानी गरेको पाइयो । स्थानिय सरकार संचालन ऐन, २०७४ मा पदाधिकारीहरुको काम कर्तव्य र अधिकार तोकिएको तथा निजहरूले अनुगमन भत्ता नपाउनेमा खर्च लेखेको पाईयो । सो भत्ता रकम उक्त ऐनको प्रावधान विपरित रहेकोले अनियमित देखिएको रु.५,८४,७००।– अनियमित भएको भनी बेरुजु लेखिएकोमा आगामी आ व मा सो किसिमको खर्न नगर्ने प्रतिबद्धता सहित उक्त दफाँलाई नियमित गरी फछ्यौंट गर्नको लागि महालेखा परिक्षकको कार्यालयमा पेस गर्ने निर्णय गरियो।

अध्यक्ष

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
... गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं.७:- प्रस्ताव नं ७ माथि छलफल गर्दा चालू आर्थिक वर्ष २०८१।०८२ मा गाउँ कार्यपालिका द्वारा निर्णय गरिएका बैठक संख्या नं. ५२ देखि ८० सम्मका सम्पुर्ण निर्णयहरु गाउँसभाको यसै बैठक द्वारा अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं ८:- प्रस्ताव नं ८ माथि छलफल गर्दा मालिका गाउँपालिकाको आर्थिक वर्ष २०८१।२०८२ को सेवा र कार्यहरुको लागि संचित कोषबाट रकम खर्च गर्ने अधिकार दिने र सो रकम विनियोजन गर्ने कार्यको लागि आर्थिक वर्ष २०८१।०८२ को लागि रु. ५६,१६,१५,१०६ विनियोजन गरिएकोमा उक्त विनियोजन रकमबाट देहाय बमोजिमको खर्चको विवरण गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरियो।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	२,०६,४९,०००.००	१,५८,२९,२०२.१०	७६.६६
१	कृषि	१,२६,६२,०००.००	१,०४,३८,४७०.००	८२.४४
२	उद्योग	१६,५०,०००.००	१२,९०,४७७.१०	७८.२
३	पर्यटन	५,७०,०००.००	५,६२,१०१.००	९८.६१
४	सहकारी	६,५०,०००.००	०.००	०
५	जलश्रोत तथा सिंचाई	२२,५०,०००.००	१९,८१,४१९.००	८८.०६
६	बन	२,००,०००.००	१,९८,८८६.००	९९.४४
७	पशुपन्छी विकास	२६,६७,०००.००	१३,५७,८४९.००	५०.९१
२	सामाजिक विकास	३२,५७,७०,६६८.००	२९,५८,५२,५२३.१२	९०.८२
१	शिक्षा	२२,२३,२६,९१६.००	२०,३७,६६,६१४.८३	९१.६५
२	स्वास्थ्य	७,०८,१३,६०८.००	६,१८,२७,३३५.९९	८७.३१
३	खानेपानी तथा सरसफाई	२,८५,९५,१४४.००	२,६८,८४,५७७.८८	९४.०२
४	भाषा तथा संस्कृति	१९,४८,०००.००	१६,७४,६६२.४२	८५.९७
५	लैंगिक समानता तथा सामाजिक	१०,६४,०००.००	६,७८,७६४.००	६३.७९

अध्यक्ष

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

	समावेशीकरण			
६	युवा तथा खेलकुद	४,९८,०००.००	४,९५,५६८.००	९९.५१
७	सामाजिक सुरक्षा तथा संरक्षण	५,२५,०००.००	५,२५,०००.००	१००
३	पूर्वाधार विकास	१०,१०,७१,६१९.००	८,६३,९१,१२१.०३	८५.४८
१	यातयात पूर्वाधार	८,०६,९६,३५२.००	६,८८,८६,२०४.०३	८५.३६
२	भवन, आवास तथा सहरी विकास	१,३६,१६,२६७.००	१,१९,३५,१५७.००	८७.६५
३	उर्जा	१,२९,०००.००	१,२९,०००.००	१००
४	सम्पदा पूर्वाधार	४८,३०,०००.००	३७,६१,२७१.००	७७.८७
५	पुनर्निर्माण	१८,००,०००.००	१६,७९,४८९.००	९३.३
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१,३९,६१,२९३.००	१,२२,१४,९३२.५८	८७.४९
१	वातावरण तथा जलवायु	२,९८,०००.००	२,९७,८४०.००	९९.९५
२	विपद व्यवस्थापन	५९,०२,२९३.००	४९,२७,१३२.५८	८३.४८
३	मानब संशाधन विकास	२०,०००.००	१९,८२५.००	९९.१३
४	कानुन तथा न्याय	१,५५,०००.००	१,५३,६४०.००	९९.१२
५	शासन प्रणाली	५,०२,०००.००	३,५१,७२०.००	७०.०६
६	श्रम तथा रोजगारी	६७,५९,०००.००	६३,४८,५६२.००	९३.९३
८	प्रशासकीय सुशासन	५५,०००.००	५३,१८८.००	९६.७१
९	वित्तीय सुशासन	२,७०,०००.००	६३,०२५.००	२३.३४
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१०,०१,६२,५२६.००	८,८१,९९,६००.१६	८८.०६
१	कार्यालय सञ्चालन तथा प्रशासनिक	१०,०१,६२,५२६.००	८,८१,९९,६००.१६	८८.०६
कुल जम्मा		५६,१६,१५,१०६.००	४९,८४,८७,३७८.९९	८८.७५

अध्यक्ष

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय